# स्थानीय राजपत्र

वालिङ नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ९ वालिङ संख्या: ७ मिति: २०८२ असार १० गते

## भाग २

## दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०८२

मूल्य रु.

वालिङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ वालिङ संख्या: ७ मिति: २०८२ असार १० गते

## भाग २

## दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०८२

**प्रस्तावना:** दुध उत्पादनमा संलग्न कृषकहरुमार्फत दुधको उत्पादन तथा उत्पादकत्व बढाई वालिङ नगरपालिकालाई दुधमा आत्मनिर्भर बनाउने उद्देश्यले उत्पादनमा आधारित प्रोत्साहन वितरण कार्यक्रम व्यवस्थित,

सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी वालिङ नगरपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम "दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०८२" रहेको छ।

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि वालिङ नगरपालिकाभित्र लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "नगरपालिका" भन्नाले वालिङ नगरपालिका सम्झनु पर्नेछ।

२. "शाखा" भन्नाले वालिङ नगरपालिका पशु सेवा शाखा सम्झनु पर्नेछ ।

३. "कार्यालय" भन्नाले वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ।

४. "कार्यदल" भन्नाले यसै कार्यविधि बमोजिम गठित पशु विकास कार्यदल सम्झनु पर्नेछ।

५. "कार्यविधि" भन्नाले दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०८२ सम्झनु पर्नेछ।

६. "सहकारी" भन्नाले वालिङ नगरपालिकाभित्रका सम्पूर्ण दुग्ध उत्पादक सहकारी सम्झनु पर्नेछ।

७. "समूह" भन्नाले विधिवत रुपमा दर्ता भएका वालिङ नगरपालिकाभित्रका दुग्ध उत्पादक कृषक समूह सम्झनु पर्नेछ।

८. "संकलन केन्द्र" भन्नाले वालिङ नगरपालिका अन्तर्गत रही सञ्चालनमा रहेका दुग्ध संकलन तथा बिक्रि केन्द्रहरुलाई सम्झनु पर्नेछ।

## परिच्छेद- २
## उद्देश्य

**३. उद्देश्यः**

१. अनुदान वितरण नीतिलाई प्रक्रियामुखीबाट परिणाममुखी तर्फ लैजाने।

२. दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाउदै सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।

३. अनुदानको सहि, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने।

४. साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने।

५. दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने।

## परिच्छेद- ३
## कार्यक्रम संचालन प्रक्रिया

**४. कार्य संचालन प्रक्रियाः**

१. नगरपालिकाले अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको निवेदन दुग्ध उत्पादक सहकारी/समूह/संकलन केन्द्रमार्फत माग गर्नेछ।

२. यस कार्यक्रममा सम्मिलित हुन बुदा नं ४ (३) बमोजिम मापदण्ड पुरा गरेका इच्छुक कृषकहरुले तोकिएको म्यादभित्र दुग्ध उत्पादक सहकारी/समूह/संकलन केन्द्र मार्फत शाखामा पेश गर्नुपर्नेछ।

३. कृषकको मापदण्डः

क) कृषक स्थायी रुपले वालिङ नगरपालिकाको वासिन्दा हुनुपर्नेछ र कृषकले संचालन गरेको फर्म वालिङ नगरपालिका क्षेत्रभित्र हुनुपर्नेछ।

ख) कृषकले उत्पादन गरेको दुध दुग्ध संकलन केन्द्र/सहकारी/समूहको माध्यमबाट बिक्री गरिएको हुनुपर्नेछ।

ग) कृषकले बिक्री गरेको दुधको गुणस्तर कम्तिमा फ्याट ३% र एस. एन. एफ. ७% हुनुपर्नेछ।

४. सहकारी/समूह/संकलन केन्द्रबाट सिफारिस भई आएका कृषकहरुको दुध उत्पादन विवरण उपर शाखाले छानविन गरि कार्यदल समक्ष पेश गर्नुपर्नेछ ।

५. शाखाबाट पेश भएका निवेदन उपर निम्नानुसारको पशु विकास कार्यदलले छलफल गरि निर्णय गर्नेछ।

| | | |
|---|---|---|
| क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) | लेखा शाखा प्रमुख | सदस्य |
| ग) | कृषि विकास शाखा प्रमुख | सदस्य |
| घ) | पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

६. अनुदानका लागि छनौट भएका कृषकहरुलाई विनियोजित बजेटको परिधिभित्र रही चौमासिक रुपमा किसानहरुको बैंक खातामा अनुदान रकम उपलब्ध गराईनेछ।

**५. आर्थिक मापदण्डः**

उत्पादित दुध सहकारी/समूह/संकलन केन्द्र मार्फत बिक्री वितरण गरेका आधारमा प्रति लिटर बढीमा दश रुपैयासम्म प्रोत्साहन अनुदान दिइने छ ।

**६. आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा वालिङ नगरपालिका नगर कार्यपालिकाको "दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि,२०८२” अनुसार गरिनेछ।

**७. अनुगमन, मुल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालयले गर्नेछ वा गर्न लगाउनेछ।

**८. थपघट वा हेरफेर गर्न सक्नेः**

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर वा खारेज गर्न सक्नेछ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पस्टता आएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

९. **प्रचलित कानून लागू हुनेः** यस कार्यक्रमको कार्यान्वायनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम तथा अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. **खारेजीः** यसभन्दा अगाडि बनेको "वालिङ नगरपालिकाको दुधमा आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८०" खारेज गरिएको छ ।

**प्रमाणीकरण मिति : २०८२/०३/१०**

**राजपत्रमा प्रकाशित मिति : २०८२/०३/१०**

**आज्ञाले,**
**गंगालाल सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**